# ५. प्रभु भोज

## क. मुख्य पदहरु

मत्ती २६:१७-३०
लूका २२:७-२०
एफिसी ३:१७
यूहन्ना ६:२७-५८
१कोरिन्थी ११:१७-३४
१कोरिन्थी १०:१४-१७
मर्कूस १४:१२-२६

## ख. प्रभु भोज के हो ?

हाम्रो प्रभु येशूले आज्ञा र स्थापना गर्नुभएको यो एउटा सांकेतिक भोजन हो जहाँ क्रिश्चियनहरुले उहाँको वलिदानको सम्झना गर्छन् र उहाँको मृत्युबाट प्राप्त उपलब्धिहरुमा सहभागी भएको तथ्यलाई स्वीकार गर्छन्. त्यसपछि परमेश्वर र अन्य क्रिश्चियनहरुसँग यो भोजमा सहभागी हुँदै तथा उहाँलाई धन्यवाद दिएर सँगति गर्दछन्. मूलत: खीष्टको देहमा सामूहिक रुपबाट परमेश्वरप्रतिको हाम्रो सम्बन्ध र प्रतिबद्धता त्यसबाट झल्किन्छ. प्रभु भोजले हाम्रो ध्यान येशूतिर लगाएर हाम्रो र संसारको निम्ति पनि येशूले क्रूसमा गर्नुभएको कामहरुको हामीलाई सम्झना गराउँछ.

*"जहिले-जहिले तिमीहरु यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउन्जेल तिमीहरु प्रभुको मृत्युको घोषणा गर्दछौ."* (१कोरिन्थी ११:२६).

## ग. यो विधिले के परिवर्तन गरेको छ ?

प्रत्येक वर्ष यहूदी जातिले निस्तार (छुटकाराको) चाड मनाउथे. यो परमेश्वरले तिनीहरुलाई मिश्रदेशको दासत्वबाट छुटाएको त्यस रातको सम्झना स्वरुप थियो (प्रस्थान १२:१-५१). त्यस रात प्रत्येक इस्राएली घरमा एउटा पाठो मारिन्थ्यो र मृत्युको दूतबाट परिवारलाई बचाउन पाठोको रगत ढोकाको चौकोसको शिरमा लगाइन्थ्यो. त्यसपछि पाठोको मासु भुटेर खाइन्थ्यो. इतिहासको यो घटना पापबाट परमेश्वरका जनहरुलाई कलवरीको क्रूसमा येशूले छुटकारा दिनुभएको प्रतीकमात्र थियो. यो निस्तार चाड मनाइरहेकै बेलामा येशूले यसलाई प्रभुभोजले विस्थापित गर्नुभयो (लूका २२:७-२०).

## घ. हामी यो कसरी मनाउंछौं ?

उहाँलाई क्रूसमा टाँगिनुअघि यो भोजन येशूले आफ्ना चेलाहरुसँग खानुभयो. त्यो भोजन खाँदा यो विधि कसरी मनाउने सो बारेमा विभिन्न सिद्धान्तहरु उहाँले प्रकट गर्नुभयो -

१. **कुनैपनि दिन**.

प्रभु भोज कुनैपनि दिनमा लिन सकिन्छ. उहाँले यो सबाथ अथवा आइतबार नछानिकन हामीलाई देखाइदिनुभएको छ. शुरुमा विश्वासीहरुले प्रत्येक दिन प्रभुभोज लिनेगर्थे (प्रेरित २:४६). त्यसपछि हप्तामा एकपल्ट लिने चलन चलाए (प्रेरित २०:७).

२. **कुनैपनि ठाउँ**

प्रभु भोज कुनैपनि ठाउँमा लिन सकिन्छ. यसको लागि मण्डली वा आराधनास्थल नै हुनुपर्छ भन्ने छैन. येशूले व्यक्तिगत घरलाई छान्नुभयो.

३. **कुनैपनि अवस्थामा**

जबसम्म प्रभु भोज लिने उद्देश्य सही हुन्छ यो कुनै पनि अनौपचारिक सभा वा भेटघाटका बेलामा पनि लिन सकिन्छ. यो विधि सम्पन्न गर्नु अघि भोजन र साधारण बातचितका अवसरलाई प्रभुले चुन्नुभयो.

## ङ. प्रभु भोजको अर्थ

प्रभु भोजको दुई भाग अन्तर्गत ख्रीष्टको देहलाई प्रतिनिधित्व गर्ने रोटी हो र गिलास (कप) ले उहाँको रगतलाई चिनाउंदछ. हामीले जीवन पाऔं भनेर येशूको शरीरलाई मृत्युमा सुम्पिइएको थियो. हामीलाई बचाउनको निम्ति उहाँको रगत बगाइएको थियो किनभने येशूको रगतले नै हाम्रा सबै पाप र यसका परिणामहरुबाट हामीलाई शुद्ध पारेको छ र क्षमा गरेको छ.

१. **सम्भना गर्न**

येशूले भन्नुभयो, "यो मेरो सम्झनामा गर." (लूका २२:१९). क्रूसको घटनाहरु हाम्रो मनमा सधैं ताजा भइरहेको र उहाँप्रति हामी कृतज्ञ भइरहेको उहाँ चाहनुहुन्छ. यो कप (गिलास) लाई वास्तवमा "धन्यवादको कप" भनिएको छ. (१कोरिन्थी १०:१६). ख्रीष्टले क्रूसमा गर्नुभएको कामको स्वभाव र महत्वलाई हामीले सम्झना गर्नुपर्दछ. इतिहासमा यो सबैभन्दा ठूलो घटना हो किनभने यसद्वारा परमेश्वरले

मानिसलाई आफूसँगको सँगतिमा फेरि फर्कनसक्ने एउटा बाटो बनाइदिनुभयो (गलाती २:२०; यूहन्ना १०:१७-१८). ख्रीष्टको शरीरको प्रतीकको रुपमा जब हामी रोटी भांच्छौं र त्यसलाई लिन्छौं विश्वासमा उहाँलाई हाम्रो हृदयमा स्वीकार गर्दै उहाँको प्रत्येक वचनमा नजिएसम्म उहाँको जीवनलाई जान्नेछैनौ भनेर हामी स्वीकार गर्छौं. (यूहन्ना ६:३५-३८).

२. **स्वीकार गर्न**

येशूमा प्रतिबद्ध हुनेहरुलाई मात्र यो भोजनमा सहभागी हुने अधिकार भएकोले यसो गर्दा ख्रीष्टलाई प्रभु र मुक्तिदाता मानिलिएको स्वीकारोक्ति हो. यसबाट तपाईंले प्रभुको आगमन नहोउन्जेलसम्म उहाँको मृत्युको प्रचार गर्नुहुन्छ (१कोरिन्थी ११:२६).

३. **सहभागी हुन**

हामी यो भोजमा सहभागी हुंदा रोटी र दाखरसमाथि दृष्टिमात्रै दिदैनौ तर वास्तवमा खान्छौं र पिउंछौं. यसरी हामी ख्रीष्टको शरीर र रगतमा सहभागी हुन्छौं (१कोरिन्थी १०:१६). त्यसकारण हामी येशू ख्रीष्टसँग सँगति गर्छौं. विश्वासमा हामीले ख्रीष्टलाई निरन्तर लिइरहनुपर्छ र यसरी उहाँमा हामीलाई आवश्यक पौष्टिक कुरा प्राप्त हुनसक्छ (एफिसी ३:१७).

४. **करार (वाचा)**

वाचा वा करार दुई पार्टी बीच केही काम पूरा गर्ने सम्बन्धमा भएको घोषणा हो. यो प्रतिज्ञा जस्तै हो. यो भोज मनाउंदा हामी ख्रीष्टसँग मात्र नभएर एक अर्कासँग पनि करारको सम्बन्ध छ भनेर मानिलिन्छौं. येशूले भन्नुभयो, "यो कचौरा मेरो रगतमा नयाँ करार हो" (लूका २२:२०). तपाईं आफैंमा एक्लै प्रभु भोज लिनुहुन्न तर उही नयाँ करारमा सहभागी अरु मानिसहरुसँगसँगै लिनुहुन्छ. रोटीले क्रूसमा टांगिनुभएको येशूको शरीरलाई मात्र देखाउदैन तर उहाँको आत्मिक शरीर जुन मण्डली हो, त्यसलाई पनि देखाउंछ जसको हामी सबै सदस्यहरु हौं र उहाँचाहिं शिर हुनुहुन्छ (१कोरिन्थी १०:१७).

५. **आशिष दिन**

यो भोजनको लायकका हामी छैनौ तर यो त परमेश्वरको अनुग्रहको भोजन हो. परमेश्वरको आज्ञाकारितामा जब हामी यो लिन्छौं परमेश्वर हामीलाई आशिष दिनुहुन्छ. रोटी र कपमा जादु छैन, तिनीहरु स्वयम्मा कुनै गुण छैन. यो त विश्वासद्वारा ख्रीष्टको जीवन मानिसहरुमा बाँडिएको छ. येशूको कष्ट र मृत्युको परिणाममा चंगाई हामीकहाँ आएको छ (यशैया ५३:४). जब हामी येशूले क्रूसमा गर्नुभएको कामलाई सम्झदै प्रभु भोजमा सहभागी हुन्छौं विश्वासद्वारा यो चंगाई हामी प्राप्त गर्नसक्छौं. वास्तवमा क्रूसमा येशूको कामद्वारा हामीलाई उपलब्ध कुनैपनि आशिषहरुको भागिदार हामी हुनसक्छौं.

च. होशियार हुनुहोस्

पावलले कोरिन्थीहरुलाई हप्काउनुपरेको थियो किनभने तिनीहरुले प्रभुभोज ठीकसँग लिइराखेका थिएनन् (१कोरिन्थी ११:१७-३४). कति भोकै हुन्थे त कतिचाहिं मात्तिने गरी खाईरहेका हुन्थे. यसरी तिनीहरुले मण्डलीलाई तिरस्कार गरेर अरु विश्वासीहरुको अपमान गरिरहेका हुन्थे. तिनीहरुले सामूदायिक भोजन गरिरहेका भएपनि ख्रीष्टको देहमा भएका तिनीहरुका दाज्यू-भाई तथा दिदी-बहिनीहरुको र प्रभु येशूको बलिदानलाई स्वीकार गरिरहेका हुँदैनथे. तिनीहरु आफ्नो मनखुशी गरेर परमेश्वरको इन्साफ आफैंमाथि निम्त्याइरहेका थिए. परिणाममा धेरै मानिसहरु बिरामी भए र कतिको त मृत्यु पनि भयो. अयोग्य तरीकाले प्रभु भोज खान र पिउनबाट जोगिन हामी आफैंले आफैंलाई जाँचेर हामी र परमेश्वर बीचका गलत कुराहरुलाई सच्याउनुपर्छ, अनि हामी र अरुहरुका बीचमा भएका असमझदारी तथा झै झगडालाई मिलाउनुपर्छ (भजन १३९:२३-२४).

विभिन्न मण्डली तथा सम्प्रदायहरुमा प्रभु भोजको विधि बेग्ला बेग्लै किसिमले मनाइने तथ्यलाई हामीले याद राख्नुपर्छ. नेतृत्वका आज्ञा बेगर यी विधिहरुको विपरीतमा जानु गलत ठहर्छ.

छ. छोटकरीमा

प्रभु भोज लिंदा फर्केर कलवरीलाई याद गर्नुहोस्. परमेश्वरको प्रशंसा गर्नुहोस् र हामीलाई अवर्णनीय उपहार दिनुभएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस. वरिपरि हेरेर सँगी विश्वासीहरुका निम्ति धन्यवाद

दिनुहोस र तिनीहरुसँग तपाईंको सम्बन्ध ठीक भएको सुनिश्चित गर्नुहोस्. उहाँले तपाईंलाई शुद्ध पार्ने प्रतिज्ञा गर्नुभएको छ त्यसकारण आफूभित्र हेर्नुहोस् र आफ्ना पापहरु परमेश्वरमा स्वीकार गर्नुहोस्. प्रभुको आगमनको निम्ति अगाडि हेर्नुहोस् र आफूलाई उहाँको इच्छा पूरा गर्नमा समर्पित गर्नुहोस्.

ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. येशूले यसो भन्नुहंदा यसको के अर्थ थियो, "तिमीहरुले मानिसको पुत्रको देह खाएनौ, र उसको रगत पिएनौ भने, तिमीहरुमा जीवन हुदैन." (यूहन्ना ६:५३). यूहन्ना ६:२७-५८ को अंश पढिसकेपछि जबाफ दिनुहोस.

२. प्रभु भोज लिनबाट तपाईंलाई कुन कुराहरुले अयोग्य साबित गर्नसक्छन् ?

३. अयोग्य तरीकाले प्रभु भोज लिएमा के मानिसहरु विरामी हुने र मर्न पनि सक्छन् ? (१कोरिन्थी ११:२७-३२).

४. प्रभु भोजमा सहभागी हुनुभन्दा अगाडि पूजारीले रोटी र दाखरसमा आशिष दिने आवश्यकता पर्छ कि ? यदि तपाईंको सम्प्रदायको यस्तै किसिमको प्रथा छ भने यसबारेमा तपाईं आफ्ना अगुवाहरुको शिक्षामा समर्पित हुनुपर्छ.

५. प्रभुभोज लिंदा बन्धनबाट चंगाई र छुटकारा पाउन किन सम्भव छ ?

६. क्रूसमा येशूको मृत्यु इतिहासमा सबैभन्दा ठूलो घटना किन हुन पुगेको छ ?

७. आफ्नो झुण्डमा प्रभु भोज मनाउनुहोस (यदि यसो गर्न तपाईंको मण्डलीको अगुवाले अनुमति दिनुभयो भने मात्र). यसो गर्नुभन्दा अगाडि आफूलाई जाँच्नुहोस, प्रभुप्रति धन्यवादी हृदयको हुनुहोस् र उहाँमा कृतज्ञता ज्ञापन गर्नुहोस्. यदि तपाईंलाई बन्धनबाट छुटकारा तथा रोगबाट चंगाईको आवश्यकता छ भने रोटी र दाखरसमा सहभागी हुदैगर्दा येशूले क्रूसमा गर्नुभएको कामलाई सम्झना गर्दै आफूलाई खाँचो भएको कुरा परमेश्वरसँग प्राप्त गर्नुहोस्.

## झ. सारांश र प्रयोग

१. प्रभु भोज रोटी र दाखरसमा सहभागी हुनु हो. रोटीले ख्रीष्टको देह हाम्रो निम्ति तोडिएको देखाउंछ भने ख्रीष्टको रगत हाम्रो निम्ति बगाइएको दाखरसले प्रतिनिधित्व गर्दछ.

२. परमेश्वर र मण्डली बीचको करारको निरन्तर सम्झनाको निम्ति प्रभु भोज रहेको छ. ग्रीक भाषामा "सम्झना" लाई "anamnesis" भनिन्छ. यो शब्दको अर्थ मानिसले प्रभुको सम्झना गर्ने मात्र नभएर आफ्नो पुत्रले गरेको बलिदान र यसद्वारा येशूले मानिसहरुसँग बांध्नुभएको करारको परमेश्वरले गर्नुहुने सम्झना पनि यो शब्दको अर्थ हुनजान्छ. प्रत्येक पल्ट हामी प्रभु भोजमा सहभागी हुंदाखेरि परमेश्वरले हामीसँग गर्नुभएको प्रतिज्ञालाई पनि उहाँ याद गर्नुहुन्छ.

३. प्रभु भोजले हाम्रो ध्यान येशूमा केन्द्रित गरिदिने भएकोले हामी यो कुनैपनि दिन, कुनैपनि अवस्थाहरुमा लिन सक्दछौं.

४. प्रभु भोज लिंदाखेरि हामी परमेश्वरको करारको सम्झना गर्ने मात्र होइन तर एक अर्का र हाम्रो उहाँसितको सम्बन्धको पनि याद गर्दछौं.

५. परमेश्वरको सामून्ने हामी शुद्ध भएको बेलामा मात्र प्रभु भोज लिनु पर्दछ र हामीले विश्वासका साथ यो लिनुपर्दछ.